नेपाल सरकार

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

# व्यावसायिक तथा सीप विकास तालिम प्रतिष्ठान

भैंसेपाटी, ललितपुर

## निःशुल्क प्रशिक्षक प्रशिक्षण (TOT) तालिम सम्बन्धी सूचना

**(पहिलो पटक प्रकाशित मिति २०७८।१२।२३)**

**यस प्रतिष्ठानको स्वीकृत बार्षिक कार्यक्रम बमोजिम १० दिने प्रशिक्षक प्रशिक्षण तालिम (TOT) देहायको मिति र स्थानमा सञ्चालन गर्ने कार्यक्रम रहेकाले उक्त तालिममा सहभागी हुन इच्छुक व्यक्तिहरूले सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिन भित्र आवेदन पेश गर्नहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।**

**तपसिल**

**क) आवश्यक योग्यताः**

**(१) नेपाली नागरिक । (२) कम्तीमा पनि एसइइ (SEE) वा सोसरह उत्तीर्ण भई कुनै पनि विषय(Trade)को कम्तीमा सीप परीक्षण तह-१ उत्तीर्ण भएको ।**

**ख) उमेरः १८ वर्ष उमेर पुरा भई ४५ वर्ष ननाघेको ।**

**ग) आवेदन दिने स्थानः व्यावसायिक तथा सीप विकास तालिम प्रतिष्ठान भैंसेपाटी ललितपुर। यस प्रतिष्ठानको वेवसाइट www.vsdta.gov.np बाट आवेदन फाराम डाउनलोड गरी प्रतिष्ठानको ईमेल ठेगाना vsdtabhainsepati@gmail.com मार्फत आवेदन पेश गर्न सकिनेछ । थप जानकारीको लागि सम्पर्क नम्बरः ०१-५५९१५०४ (पाठ्यक्रम मापदण्ड निर्धारण शाखा)**

**घ) आवेदन दिने अन्तिम मितिः २०७९ बैशाख ७ गते बुधबार**

**ङ) आवेदनसाथ पेश गर्नुपर्ने कागजातहरूः**

**१ नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ।**

**२ शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि ।**

**३ सीप परीक्षणबाट कम्तीमा तह-१ उत्तीर्ण गरेको प्रमाणपत्रको प्रतिलिपि।**

**च) कार्यक्रम सञ्चालन हुने स्थान र मिति**

| क्र सं | जिल्ला | सहभागी संख्या | तालिम सञ्चालन हुने मिति |
|---|---|---|---|
| १ | काठमाडौं उपत्यका | २० जना | २०७९ बैशाख १४ गते |
| २ | चितवन | २० जना | २०७९ जेठ ४ गते |
| ३ | काठमाडौं उपत्यका | २० जना | २०७९ जेठ ४ गते |
| ४ | पोखरा | २० जना | २०७९ जेठ ४ गते |

**छ) प्रशिक्षार्थी छनौट विधिः अन्तर्वार्ता**